जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७० पृष्ठः ४ | २०८२ फाल्गुन ०७ बिहीबार (Thursday 19 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## नेपाली कांग्रेसको प्रतिज्ञापत्र सार्वजनिक, यी हुन् १० 'भिजन'



काठमाडौं, ६ फाल्गुन। नेपाली कांग्रेसले आउँदो चुनावका लागि प्रतिज्ञापत्र सार्वजनिक गरेको छ। आज जनकपुरमा आयोजित प्रतिज्ञासभामा सभापति गगनकुमार थापाले पार्टीको घोषणापत्रका रूपमा रहेको प्रतिज्ञापत्रको संक्षिप्त अंश सार्वजनिक गर्नुभएको हो। कांग्रेसले चुनावको घोषणापत्रलाई प्रतिज्ञापत्र नाम दिएको हो। प्रतिज्ञापत्रको विस्तृत अंश भने भोलि राष्ट्रिय सभागृहमा हुने कार्यक्रममा सार्वजनिक गर्ने नेपाली कांग्रेसले जनाएको छ। भोलि हुने कार्यक्रममा सभापति थापाले घोषणापत्रमाथि उठेका प्रश्नहरूको जवाफ दिने कार्यक्रम पनि रहेको छ ।

प्रतिज्ञापत्रमा कांग्रेसले युवाहरूका लागि स्वदेशमै मर्यादित र आकर्षक अवसर सिर्जना गर्ने, विदेशमा रहेका नेपालीहरूको ज्ञान, सीप र पूँजीलाई मातृभूमिको पुनर्जागरणमा जोड्ने तथा लगानी र रोजगारी सिर्जनामा राज्यले साथ दिने वाचा गरेको छ। यस्तै किसान र कृषि क्षेत्रमा सिँचाइ र मलको अभाव अन्त्य गर्ने, बीमा र भन्सार नीतिमा सुधार गर्ने तथा नेपाली कृषि उत्पादनलाई विश्व बजारमा ब्रान्ड बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। स्वास्थ्य क्षेत्रमा उपचारलाई नागरिकको मौलिक अधिकारका रूपमा मान्यता दिँदै विकसित देशको स्तरको स्वास्थ्य बीमा प्रणाली लागू गर्ने कांग्रेसको प्रतिज्ञापत्रमा उल्लेख छ।

यस्तै प्राथमिकदेखि विश्वविद्यालयसम्मको शिक्षालाई प्रविधिसँग जोड्ने वाचा पनि कांग्रेसको छ। सुशासनका सन्दर्भमा दलीयकरणको अन्त्य गर्ने, 'डिजिटल नेपाल' को अवधारणा साकार पार्दै भ्रष्टाचार र ढिलासुस्तीको जरैबाट अन्त्य गर्ने र नागरिकले घरमै बसेर सरकारी सेवा पाउने वातावरण बनाउने कांग्रेसको प्रतिबद्धता छ। परराष्ट्र नीतिका सम्बन्धमा नेपाललाई विश्व समुदायमा एक सार्वभौम, शान्त र स्वाभिमानी राष्ट्रका रूपमा स्थापित गर्ने तथा छिमेकी र मित्रराष्ट्रहरूसँगको सम्बन्ध समानता र आपसी सम्मानमा आधारित राख्ने प्रतिज्ञा गरिएको छ ।

## निर्वाचन अचारसंहितामा केन्द्रित भएर रासस लहानले मनाए ६५ औं वार्षिकोत्सव

लहान, ६ फाल्गुन। राष्ट्रिय समाचार समिति (रासस) जिल्ला कार्यालय लहान, सिरहाले आज आफ्नो ६५ औं वार्षिकोत्सव निर्वाचनमा केन्द्रित भएर मनाएको छ। २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनजर गर्दै "निर्वाचन आचारसंहिता र सञ्चारमाध्यमको भूमिका" विषयमा वार्षिकोत्सव कार्यक्रम आयोजना गरिएको रासस लहान सिरहाका प्रमुख सुदिप राउतले बताएका छन्। उनले लोकतन्त्रको सुदृढीकरणका लागि सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले पत्रकारले सत्य, तथ्य र सन्तुलित समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमका प्रमुख अतिथि रहनुभएका सिरहाका मुख्य निर्वाचन अधिकृत डा. प्रकाश उप्रेतीले निर्वाचनको समयमा पत्रकारको भूमिका अझ संवेदनशील र जिम्मेवार हुने उल्लेख गरे। उनले पत्रकारले निर्वाचन आचारसंहिता पालना गर्दै कुनै पनि राजनीतिक दल, उम्मेदवार वा पक्षको प्रचार हुनेगरी समाचार सम्प्रेषण नगर्नुपर्ने जोड दिएका थिए। "पत्रकारिता निष्पक्ष र तथ्यमा आधारित हुनुपर्छ, त्यसले मात्र निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन सहयोग गर्छ," उनले भने।

कार्यक्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख बासुदेव पाठक, जिल्ला निर्वाचन कार्यालय सिरहाका प्रमुख राजन श्रीवास्तव तथा नेपाल पत्रकार महासंघ सिरहा शाखाका सभापति

–बाँकी अन्तिम पेजमा

## कांग्रेसभित्र मत–मतान्तर छैन : मुख्यमन्त्री यादव

काठमाडौं, ६ फाल्गुन। नेपाली कांग्रेसका मधेस प्रदेश समिति सभापति तथा मधेसका मुख्यमन्त्री कृष्णप्रसाद यादवले यसपटकको निर्वाचनमा कांग्रेसभित्र मत–मतान्तर नभएको बताएका छन्। जनकपुरको तिरहुँतियामा बुधबार आयोजित प्रतिज्ञा सभामा बोल्दै यादवले भने, 'यसअघिका प्रतिनिधिसभा/प्रदेशसभा तथा स्थानीय तहका निर्वाचनमा मत मतान्तर हुन्थे, अहिले त्यस्तो भइरहेको छैन। मतान्तर राख्नेहरू अहिले उम्मेदवारको खम्बा भएर अघिपछि लागेर हिँडेका छन्।'

–बाँकी अन्तिम पेजमा

## दीर्घकालीन समस्या समाधान खोज्दै शिक्षक चुनावी घोषणापत्रतर्फ

**जीवछ यादव**

लहान, ६ फाल्गुन। प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा शिक्षा क्षेत्रमा दीर्घकालीन रूपमा देखिएका समस्याको समाधान गर्ने विश्वसनीय प्रतिबद्धताको खोजीमा सामुदायिक विद्यालयका शिक्षकहरूले आफ्ना धारणा व्यक्त गरेका छन्। गत वर्ष नेपाल शिक्षक महासंघले गरेको राजधानी केन्द्रित आन्दोलनबाट



समस्या समाधान तथा माग पूरा नभएकाले अहिले चुनावी घोषणापत्र मार्फत समाधान खोजिरहेको धनगढीमाई नगरपालिकास्थित श्री जनता माध्यमिक विद्यालय बेतहा भवानीपुरका प्रधानाध्यापक रामविलास यादवले बताउनुभयो। उहाँका अनुसार सामुदायिक र संस्थागत विद्यालयबिचको बढ्दो दूरी कम गर्न पाठ्यपुस्तकमा एकरूपता, परिवर्तित राजनीतिक अवस्थामा समयानुकूल शिक्षा ऐन तथा शिक्षकहरूले राखेका माग समेटिएको घोषणापत्र हरेक दलले ल्याउनुपर्ने आवश्यकता रहेको छ विश्वसनीय प्रतिबद्धताको आधारमा शिक्षकहरूले मतदान गर्ने उहाँले बताउनुभयो। आचारसंहिताले बाँधिएका शिक्षकहरूले यस निर्वाचनमा दलका भ्रातृ संगठनका रूपमा चुनावी प्रचारप्रसारमा सहभागी हुन नहुने जिफौलस्थित श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसुफल यादवले बताउनुभयो। शिक्षा र शिक्षकका समस्या समाधान गर्ने इच्छाशक्ति घोषणापत्रमार्फत स्पष्ट हुनुपर्ने उहाँको भनाइ छ। शिक्षालाई

–बाँकी अन्तिम पेजमा




## निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आ   नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स–एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## दल र उम्मेदवारहरूको अवज्ञा

भ्रष्टाचार नियन्त्रण र जनताप्रति शासकहरूको जवाफदेही नै भदौ २३ विद्रोहको मूल माग थियो। सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने सरकारी निर्णयले त युवा असन्तुष्टिमा आगो झोसेको न हो। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचनाभित्रै जवाफदेही र सुशासन कायम गर्न सकिन्छ भन्ने विश्वासले यही संरचनाभित्र नयाँ जनादेश लिन लगभग राष्ट्रिय सहमति रह्यो। फलस्वरूप यही फागुन २१ गते नयाँ प्रतिनिधि सभाको निर्वाचन हुँदैछ।

निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा भएमात्र निर्वाचनबाट सही जनादेश व्यक्त हुनसक्छ। स्वच्छ र निष्पक्ष निर्वाचन गराउन लोकतान्त्रिक शासन प्रणालीमा स्वतन्त्र एवं सक्षम निर्वाचन आयोग हुन्छ। नेपालमा निर्वाचन आयोगको व्यवस्था संविधानमा नै गरिएको छ। यसैले निर्वाचन आयोगको निर्देश पालना गर्नु चुनावमा भाग लिनेहरूको कर्तव्य र दायित्व दुवै मानिन्छ। तर, नेपालका राजनीतिक दल र तिनका नेताहरूले भने आयोगको निर्देशनलाई प्रायः अटेर गर्नेगरेका छन्।

हालै निर्वाचन आयोगले उमेदवार र दलहरूलाई चुनावसम्बन्धी खर्चका लागि छुट्टै बैंक खाता खोल्न निर्देशन दिएको थियो। दुर्भाग्य, अधिकांश उमेदवारले अहिलेसम्म छुट्टै बैंक खाता नखोलेको समाचार सार्वजनिक भएको छ। समाचारअनुसार काठमाडौंमै बहुसंख्यक उमेदवारले आयोगमा बैंक खाता खोलेको जानकारी दिएका छैनन्। काठमाडौंबाहिरको अवस्था यसभन्दा पनि खराब हुनसक्छ। कम्तीमा फरक त पक्कै छैन। छुट्टै बैंक खाता नखोलेपछि उमेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट नगर्न, नगराउन राजनीतिक दललाई दिएको आयोगको अर्को निर्देशनको पनि अवज्ञा भयो। अर्थात्, निर्वाचनमा वित्तीय अनुशासन र पारदर्शिता कायम राख्ने निर्वाचन आयोगको प्रयत्नमा उमेदवारहरूले असहयोग वा अटेर गरे।

चुनावका बेला आर्थिक अनुशासन र पारदर्शिता कायम राख्न दिइएको सामान्य निर्देशन पनि पालना नगर्ने उमेदवारहरूले विजयी भएपछि देशमा भ्रष्टाचार नियन्त्रण, जवाफदेही र सुशासन कायम राख्न नेतृत्व लिनेछन् भनेर नेपाली मतदाताले पत्याउनुपर्ने भएको छ। सबैजसो उमेदवारले भ्रष्टाचार नगर्ने र गर्न नदिने वाचा जो गरेका छन्। स्मरणीय छ, पारदर्शिता र आर्थिक अनुशासन नै भ्रष्टाचार नियन्त्रणका मुख्य आधार हुन्। उमेदवार र सम्बन्धित दलका नेताहरूको भ्रष्टाचार नियन्त्रणको वाचा मतदातालाई झुक्याउने चालवाजीमात्रै हो भन्ने पनि यस अवज्ञाले देखाएको छ। यिनको यस्तो प्रवृत्ति देख्दा चुनावपछि बन्ने सरकार भ्रटाचार र जवाफदेहीका सवालमा पहिलेका भन्दा फरक होला भन्ने आशामा तुषारापात हुन्छ। सम्भवतः नेपाली मतदाता मानसिकता नै भ्रष्ट भएकाहरूबाट शासित हुन अभिशप्त छन्।

अब अन्तिम सम्बल निर्वाचन आयोग नै हो। आयोगले कानुन पालना गराउन उमेदवार र दलहरूको निगरानी गर्न र उल्लंघन गर्नेहरूमाथि कारबाही गर्न गराउन कसैको मुख नहेरोस्। निर्वाचन स्वच्छ बनाउनु आयोगको पहिलो कर्तव्य जो हो। कम्तीमा आयोगले वित्तीय अनुशासन र पारदर्शिता कायम राख्न अग्रसर हुनेहरूको सूची सार्वजनिक गरेर जनतालाई जानकारी दिनसक्छ। यसले अटेरीहरूमाथि दबाब सिर्जना हुनेछ। मतदाताले पनि अनुशासन र जवाफदेही देखाउने उमेदवारलाई मतदान गरेर देशमा सुशासनको जग बसाउन सक्छन्।

### *दीर्घकालीन समस्या...*

संविधानको मौलिक हकमा व्यवस्था गरिए पनि शिक्षामा समानता कायम हुन नसकेकोतर्फ पनि घोषणापत्रमा ध्यान जानुपर्ने अर्का शिक्षक रामसुफल सदायले जोड दिनुभयो।

शिक्षालाई स्थानीय सरकारको मातहतमा राखिएको उद्देश्यविपरीत राजनीतिक पूर्वाग्रहका कारण शिक्षकहरू मानसिक दबाब भोग्न बाध्य भइरहेको भन्दै लहान नगरपालिकास्थित श्री जनता माध्यमिक विद्यालय पिडरबोनीका प्रधानाध्यापक वीरेन्द्र यादवले शिक्षालाई संघीय सरकारकै मातहतमा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो। एक वर्षपछि अवकाश हुने लहान–१९ स्थित श्री जनता माध्यमिक विद्यालय सोनमती गढाका अंग्रेजी शिक्षक रामजी साहले शिक्षकहरूले समयमै तलबसमेत नपाउने तथा राजनीतिक आस्थाको सिकार भइरहने समस्या समाधान गर्ने योजनासहितको चुनावी घोषणापत्र आवश्यक रहेको बताउनुभयो।

शिक्षा क्षेत्रमा देखिएको विकृति र भ्रष्यचार अन्त्य गर्न माटे सुहाउँदो शिक्षा प्रणाली, शिक्षकमा लगानी तथा निष्पक्ष अनुगमन आवश्यक रहेको नागरिक अगुवा तथा मानवअधिकारकर्मी राजकुमार राउतले बताउनुभयो। उहाँले सामुदायिक विद्यालयलाई स्थानीय सरकारले राजनीतिक हस्तक्षेप र अनियमितताको थलो बनाइरहेको आरोप लगाउँदै शिक्षा क्षेत्रलाई राजनीतिबाट मुक्त बनाउन शिक्षकको मनोबल बढाउने खालको घोषणापत्र आवश्यक रहेको उल्लेख गर्नुभयो।

# नेपाली क्रिकेटले फर्काएको मुस्कान

**राजु सिलवाल**

काठमाडौं, ६ फाल्गुन। 'बाह्र वर्षमा खोला पनि फर्कन्छ' भन्ने उखानजस्तै नेपाली क्रिकेट टिमले १२ वर्षपछि पहिलोपटक विश्वकपको खेलमा ऐतिहासिक जित हासिल गर्दै उदाउँदो नेपाल क्रिकेट मुलुक भएको पुर्नपुष्टि गरेको छ। नेपालले सन् २०१४ मा पुरुष 'टि ट्वान्टी' विश्वकपमा पहिलो पटकको सहभागिता जनाएको बेलानै हङकङ तथा अफगानिस्तानलाई पराजित गर्न सफल भएको थियो। सन् २०२४ को विश्वकपमा कुनै जित हात पार्न नसकेको नेपालले यसपालि भारत तथा श्रीलंकामा जारी रहेको 'टि ट्वान्टी' पुरुष विश्वकपका तीन खेलमा पराजित भई प्रतियोगिताबाट बाहिरिसकेपछि सम्पूर्ण नेपाली टिमका साथै समर्थकहरू स्तब्ध भइसकेका थिए।

उज्यालो अनुहार कसैको थिएन तर मंगलबार मुम्बईस्थित वानखेडे रंगशालामा आयोजित अन्तिम नेपालको सान्त्वना जित भएको हेर्न पाइन्छ कि भन्ने झिनो आशा बोकेर उपस्थित भएका समर्थकहरूले स्कटल्याण्डविरुद्ध सात विकेटको विजयपछि खेलाडीहरूले गुमाइसकेको आत्मसम्मान पुनः फर्काएको महसुस गरेका छन्। उक्त खेलको प्रारम्भमा प्रतियोगिताबाट बाहिरिसकेको अर्को टिम स्कटल्याण्ड हाबी भएता पनि नेपालले पाँच ओभरमा छ विकेट लिएपछि खेल लयमा फर्किएको थियो।

नेपालका तर्फबाट तीन पटक विश्वकप खेलेका सोमपाल कामीले अन्तिम खेलमा लिएको सर्वाधिक तीन विकेटले नेपाललाई जितको भागीदार बनाउन महत्वपूर्ण योगदान गऱ्यो। यस्तै नन्दन यादवले दुई तथा कप्तान रोहित पौडेल, कुशल भुर्तेलले एक एक विकेट लिँदै खेलमा सानदार पुनरागमन गरेका थिए। यसैगरी स्कटल्याण्डविरुद्धको खेलमा विष्फोटक ब्याटिङ गरेर मुलुककै लागि पहिलोपटक 'म्यान अफ दि म्याच' पुरस्कार प्राप्त गरेका दीपेन्द्रसिंह ऐरीको कीर्तिमानी रनले मुलुकलाई ऐतिहासिक जित दिलाउन उत्कृष्ट योगदान दिएको थियो। उनले मंगलबार २३ बलमा ५० रन बनाई यसपटकको विश्वकपमा दोस्रोपटक अर्धशतक बनाउने नेपाली कीर्तिमानी खेलाडी बन्न सफल हुनु मुलुककै क्रिकेट इतिहासको महत्वपूर्ण उपलब्धि मानएको छ।

यसअघि वेष्ट इण्डिजसँगको खेलमा पनि उपकप्तान दीपेन्द्रसिंह ऐरीले अर्धशतक बनाएर नेपालको यसअघि रहेको कीर्तिमान तोड्न सफल भएका थिए। सन् २०१४ मा नेपालका तर्फबाट सुभाष खकुरेलले ५६ रन बनाई विश्वकपमा पहिलो नेपाली अर्धशतकको कीर्तिमान कायम गरेका थिए। दिपेन्द्रले भने ४४ बलमा ५८ रन बनाएर अघिल्लो कीर्तिमान तोडेका नेपाली क्रिकेट प्रेमीहरूलाई उत्साहित बनाएका थिए।

हारैहारपछि प्राप्त भएको जितले नेपाली टिममाथि अत्यधिक मात्रामा भइरहेको आलोचना कम गर्न केही हदसम्म भए पनि कम भएको महसुस गरिएको छ। यसपटकको विश्वकपको अनुभवले नेपालको किक्रेटलाई समयोचित लयमा अघि बढाउन विशेष अभियान नै चलाउनुपर्ने अवस्था सिर्जना भएको छ।

मुलुकको प्रतिष्ठासँग गासिएको विश्वकपजस्तो उच्चस्तरीय प्रतियोगितामा नेपालको लगातार लज्जाजनक हार भएपछि अब नेपाल सरकारकै नेतृत्वमा विश्वकपसम्मको यो महत्वपूर्ण यात्रालाई अझ फराकिलो रुपमा निरन्तर अघि बढाउन प्रमुख प्राथमिकता दिनुपर्ने आवश्यकता महसुस गरिएको छ।

तेस्रो पटक विश्वकपमा प्रवेश पाएको नेपाली टिम यसपालि पहिलोपटक सुपर आठमा पुग्ने लक्ष्य राख्दै मुम्बई पुगेको थियो तर सन् २०१४ पछि १२ वर्षसम्म पनि विश्वकपका कुनै पनि खेल जित्न नसकेर प्रारम्भिक चरणबाटै बाहिरिएपछि निरास भई स्वदेश फर्कने क्रममा रहेको नेपाली टिमले उत्कृष्ट प्रदर्शन गर्दै वाईल्ड कार्डमार्फत विश्वकपमा खेलेको स्कटल्याण्डलाई हार चखाएको थियो।

**इतिहासमै खराब प्रदर्शन**

तीन पटक विश्वकप खेलको अनुभव हासिल गरिसकेको नेपाल पहिलोपटक विश्वकपमा प्रतिस्पर्धामा उत्रेको इटालीसँग मुम्बईमा शर्मनाकले पराजित हुनु सामान्य प्रसङ्ग होइन। नेपालले खराब ब्याटिङ प्रदर्शन गर्दा विश्वकपको नयाँ प्रवेशी इटालीसँग हार ब्यहोर्नुपरेको थियो। दुईपटक विश्व विजेता भइसकेको इङ्गल्याण्डसँग चार रनको झिनो अन्तरले मात्र पराजित भएपछि नेपाली टोलीको महत्वाकांक्षा तथा अपेक्षा बढ्दै गएर 'टि ट्वान्टी' क्रिकेटमा पहिलोपटक १० विकेटले पराजित हुने अवस्थामा पुगेको थियो। नेपाल इटलीसँगको प्रतिस्पर्धामा १९.३ ओभरमा १२३ रनको सामान्य स्कोरमा अलआउट भएको थियो।

नेपाली खेलाडीहरूले प्रभावशाली स्कोर बनाउन नसकेर चुनौतीपूर्ण लक्ष्य दिन नसकेपछि हार ब्यहोर्नु परेको थियो। इटलीले भने कुनै पनि विकेट नगुमाएर १२.४ ओभरमा ४४ बल बाँकी रहँदै लक्ष्य हासिल गरेको थियो। इटलीका ओपनर एन्थोनी र जस्टिन मोस्का दाजुभाइबीचको १२४ रनको साझेदारी विजयको प्रमुख कारक बन्न पुग्यो। मानसिक दृढता कमी भएको नेपाली टिम ब्याटिङ, बलिङ र फिल्डिङमा सुस्त प्रदर्शनको कारण हार्न पुग्यो। नेपाली खेलाडीहरूलाई जित्नै पर्ने मानसिक दबाब प्रसस्त मात्रामा परेको महसुस गरिएको थियो। नेपालको ब्याटिङ र बलिङ दुवैमा रणनितिक कार्यान्वयनको समस्या देखिएको थियो। नेपालको ब्याटिङ पतन र कम योगफलको तुलनामा इटलीको क्लिनिकल र अनुशासित बलिङले नेपाललाई सहजै पराजयको बाटोतर्फ उन्मुख गराएको थियो।

त्यसपछि नेपाल वेष्ट इण्डिजसँग नौ विकेटले भएको पराजयलाई पनि नेपाली खेलप्रेमीहरूले सहज रुपमा लिन सकिरहेका छैन। उत्कष्ट लयमा रहेको वेष्ट इण्डिज नेपाललाई हराएपछि अघिल्लो चरण सुपर आठमा प्रवेश गर्न सफल भएको थियो।

**हारेर पनि मन जित्दा**

नेपाल र इङ्गल्याण्डबीचको खेललाई नेपालले हार्दाहार्दै पनि मन जितेको खेलका रुपमा अविस्मरणीय बन्न पुग्यो। नेपालले यसपालि विश्वकपमा खेलेको उक्त पहिलो प्रतिस्पर्धामा राम्रो खेल प्रदर्शन गर्दा गर्दै पनि हार्न पुगेको प्रसङ्गलाई नेपाली क्रिकेटप्रेमीहरूले भुल्न सकेका छैनन्। दुईपटक विश्वकप जितिसकेको इङ्ल्याण्डसँग नेपाल खेलमा हारेर पनि सम्पूर्ण नेपालीको मन जित्न सफल भएको थियो। उक्त खेलमा नेपालले पूरै खेल अवधिभर क्रिकेटको जन्मदाता मुलुकलाई पूरै चुनौती दिँदादिँदै पनि चार रनको झिनो अन्तरले पराजित हुन पुगेको थियो। क्रिकेटको उदाउँदो मुलुकको रुपमा परिचय बनाउन सफल नेपाल विश्वकपमा समेत कमजोर टिम नभएको महसुस गराएको थियो।

नेपाली समर्थकहरूले खचाखच भरिएको वानखेडे रङ्गशालामा नेपाली खेलाडी लोकेश बमले बनाएको २० बलमा ३९ रन प्रशंसनीय थियो तर इङ्गल्याण्डका ह्यारी ब्रुक र ज्याकब बेथेलेले बनाएको अर्धशतकले खेलमा नेपाललाई हराउन उल्लेखनीय भूमिका खेल्यो। त्यसखेलमा नेपाललाई जितको बाटोमा अघि बढाएका कप्तान रोहित पौडेल र उपकप्तान दीपेन्द्रसिंह ऐरी आउट भएपछि नेपालको प्रदर्शन सुस्त हुँदै गएको थियो। अन्तिम ओभरमा १० रन आवश्यक भएको बेला करण केसीको बलिङले बाउन्ड्री पार गर्न नसक्दा नेपाल छ रन मात्र बनाएर निराशाजनक नतिजा व्यहोर्न बाध्य भएको थियो।

**बिर्सन कठिन समर्थन**

विश्वकप क्रिकेट हेर्न विभिन्न मुलुकका दर्शकहरू भारत तथा श्रीलंका पुगेका छन्। नेपालको चारवटै खेल खेलाइएको मुम्बई पुगेका नेपाली दर्शकहरूको संख्या पनि उल्लेखनीय रहेको थियो। प्रतियोगिता हेर्न नेपालबाट समेत हजारौं दर्शक पुगेका थिए।

भारतका विभिन्न स्थानका साथै विश्वका अन्य मुलुकबाट समेत नेपालीहरू मुलुकको टिमको समर्थन गर्न त्यहाँ उपस्थित भएका थिए। मुम्बईस्थित वानेखेडे रङ्गशालामा नेपालको खेल परेका दिनहरूमा देखिएको राताम्मे दृष्यले विश्वकै क्रिकेटप्रेमीहरूलाई उत्साहित बनाएको थियो।

नेपाली राष्ट्रिय क्रिकेट टिमको रातो जर्सी लगाएर दर्शक दिर्घामा बसेका असंख्य समर्थकहरूले नेपालको पक्षमा नारा लगाउँदै रङ्गशाला गुन्जायमान गराएका थिए। विभिन्न नेपाली गीत तथा नृत्यहरूको मनमोहक प्रदर्शनले वातावरण रोचक बनाएको थियो। नेपालतथा इङ्गल्याण्डबीच खेल भएको दिन रङ्गशालामा २० औँ हजार दर्शकको उपस्थिति रहेको थियो। भारतीय भूमिमा भारतको खेल नभएको बेलामा पनि त्यति धेरै संख्यामा दर्शकको उपस्थितिलाई देखेर नेपाली दर्शकको क्रिकेटप्रतिको मोह भन्दै टेलिभिजनको प्रत्यक्ष प्रसारणमा प्रशंसा गरिएको थियो।

रङ्गशालामा प्रत्यक्ष उपस्थिति बाहेक टेलिभिजन प्रत्यक्ष प्रसारण तथा डिजिटल प्लेटफर्म माध्यमबाट विश्वभरि छरिएका लाखौँ नेपालीले खेल हेरेर क्रिकेटको बढदो लोकप्रियताप्रति ऐक्यबद्धता जनाएका थिए तर नेपाली टिमको लगातार पराजयपछि मुम्बई पुगेका नेपाली दर्शकहरू भने निरास भएका थिए। लाखौँ रुपैयाँ खर्च गरेर विदेशी भूमिमा पुगेका नेपाली खेलप्रेमीहरूले टिमप्रति आक्रोस समेत प्रकट गरेका थिए।

नेपालको यसपालि तीन खेलमा पराजयको मुख्य कारण टिममाथि जित्नै पर्छ भन्ने दबाब मानिएको छ। फेरि इङ्गल्याण्डसँग थोरै रनको अन्तरले पराजित भएपछि नेपाली टिमको महत्वकांक्षा बढेको तथा तद्अनुरुप मैदानमा प्रस्तुत हुन नसक्दा हार ब्यहोर्नु परेको हो। नेपालले विश्वकप प्रतियोगितामा भोगेकोजस्तो हार आगामी दिनमा दोहरिन नदिन केही महत्वपूर्ण पक्षमा सुधार गर्नु पर्ने अत्यन्त जरुरी देखिएको छ। खेलमा हार जित स्वभाविक भए तापनि योजना र तयारी बलियो बनाउँदै परिमाणमा सुधार गर्न सम्पूर्ण ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ।

यसका लागि सरकारबाट यथेष्ट लगानीका साथै क्रिकेटलाई उच्च प्राथमिकता दिदै समयोचित योजना बनाई कार्यान्वियनतर्फ जोड दिनुपर्ने आवश्यकता महसुस गरिएको छ।

**सुधारको खाँचो**

नेपाली टिममा ब्याटिङ, बलिङ तथा फिल्डिङजस्ता क्षेत्रमा अझ सुधार गर्नुपर्ने देखिएको छ। खेलाडीहरूमा ब्याटिङमा स्थिरता जरुरी देखिन्छ। यसक्रममा सुरुआती विकेट जोगाउने तथा मध्य तथा अन्तिम ओभरमा रन गति कायम राख्न जोड दिनु अत्यावश्यक छ।

डेथ ओभर बलिङ अझ प्रभावकारी बनाउने, क्याच, ड्रप तथा मिसफिल्ड कम गर्ने, रणनीतिक फिल्ड सेटिङमा जोड

–बाँकी तीन पेजमा

## नेपाली क्रिकेटले ...

दिनुपर्छ। विपक्षी टिमको खेल शैलीको अध्ययन गर्नुका साथै खेलको बीचमा पनि रणनीति परिवर्तन गर्नसक्ने क्षमताको विकास पनि आवश्यक भएको महसुस गरिएको छ। प्रतियोगिता सञ्चालन भइरहेको मौसम तथा प्रतियोगिता भइरहेको पिच अनुसारको योजना बनाउनु पनि अत्यावश्यक देखिएको छ।

**टिममा परिवर्तन जरुरी**

नेपाली राष्ट्रिय क्रिकेट टिममा समयानुकूल परिवर्तन गर्नु पर्ने आवश्यक देखिएको छ। खेलाडीहरूको व्यक्तिगत प्रदर्शनको उपलब्धि तथा समग्रमा सकारात्मक नतिजाका लागि खेलाडीले खेलेको भूमिकाको आधारमा राष्ट्रिय टिमका प्रत्येक सदस्यहरूको मूल्याङ्कन गरिनु जरुरी मानिएको छ। विगतको इतिहासले मात्र वर्तमान अवस्थामा उपलब्धि हासिल गर्न सकिँदैन। खेलाडीको उमेर, शारीरिक तन्दुरुस्ती, विगतको अनुभव, हालको सक्षमता तथा समग्र टिमलाई गर्नसक्ने योगदान जस्ता आधारमा खेलाडीको स्वतन्त्र रुपमा परिवर्तन गर्न मुख्य प्रशिक्षकलाई जिम्मा दिनुपर्छ।

राष्ट्रिय क्रिकेट टिममा सही ढङ्गले परिवर्तन गरियो भने नेपाली क्रिकेटको भविश्य अझ उज्वल बन्न सक्ने सम्भावना देखिन्छ। राष्ट्रिय टिमको व्यवस्थापन र रणनीतिमा सुधारका साथै टिममा पनि परिवर्तन आवश्यकता भएको महसुस विश्वकपको नतिजाले देखाएको छ। टिमले निरन्तर राम्रो नतिजा दिन नसकेको अवस्थामा प्रदर्शनमा निरन्तरता ल्याउन पनि परिवर्तन आवश्यक देखिन्छ।

टिममा परिवर्तन गर्दा सकारात्मक नतिजा हासिल गर्न वातावरण बन्नुका साथै अन्य प्रतिभाशाली युवा खेलाडीले पनि मौका पाउँछन्, जसले टिम अझ प्रतिस्पर्धी बन्न सक्छ।

**मानसिक तयारीको सन्दर्भ**

कुनै पनि प्रतियोगिता खेल्न खेलाडीहरू जानुअघि उनिहरूलाई मानसिक रुपमा तयारी बनाउनु पर्दछ। उनीहरूलाई परिस्थितिअनुसार सामना गर्ने, जुनसुकै खालका दवावलाई ब्यहोर्न सक्नेजस्ता प्रशिक्षण दिई मैदानमा पठाइनुपर्छ।

खेलका लागि उनीहरूलाई कुनै प्रकारको दबाब दिनुहुँदैन। खेलाडीलाई परिस्थितिअनुसार निर्णय लिन स्वतन्त्र बनाइनु आवश्यकता पर्दछ जसरी भए पनि खेल जित्नै पर्ने, खेल जितेमा रोजगार, आकर्षक नगद पुरस्कार दिइनेजस्ता आश्वासनले खेलाडीहरूलाई खेल जित्नै पर्ने दबाब पर्न जान्छ, जसले नतिजा नकारात्मक आउनसक्ने बढी सम्भावना हुन्छ। वर्षभरिको अनवरत यात्रापछि भारत पुगेका नेपाली खेलाडीहरूमा मैदानमा भिडन्तका लागि यथेष्ट मात्रामा कमी कमजोरी देखियो, जुन लगातार हारका लागि यथेष्ट बन्न पुग्यो।

**समस्या सामाजिक सञ्जालको**

विश्वकपमा नेपालको पराजयको अर्को नौलो कारण उजागर भएपछि नेपाली खेलप्रेमीहरूलाई अझ स्तब्ध बनाएको छ। नेपाली राष्ट्रिय क्रिकेट टिम विश्वकपको प्रारम्भिक चरणमा लगातार पराजय हुँदै गएपछि यसको प्रमुख कारणमा सामाजिक सन्जाल पनि भएको भन्ने सम्बन्धित प्रशिक्षककै धारणा सार्वजनिक भएको थियो।

अष्ट्रेलियाको प्रतिनिधित्व गरेर विश्वकप खेलिसकेका नेपालका वर्तमान मुख्य प्रशिक्षक स्टुअर्ट लले नेपाल लगातार पराजित हुँदै गएपछि खेलाडीहरूलाई सामाजिक सञ्जाल छोडेर क्रिकेटमा ध्यान केन्द्रित गर्न आग्रह गरेका थिए। वेष्ट इण्डिजसँगको खेलको पूर्वसन्ध्यामा मुम्बईमा आयोजित पत्रकार सम्मेलनमा उनले सामाजिक सञ्जालमा भइरहेका टीकाटिप्पणीलाई खेलाडीहरूले ध्यान दिन नहुने स्पष्ट पारेका थिए।

हाल सञ्चालन भइरहेको विश्वकपमा नेपाली टिमको बारे मानिसहरूले के भनिरहेका छन् भन्ने कुरामा खेलाडीहरूको ध्यान केन्द्रित भए उनीहरू वास्तविक कामबाट विचलित हुने धारणा मुख्य प्रशिक्षक लको रहेको थियो। खेलाडीहरू आफूलाई समर्थन तथा प्रायोजक प्राप्त गर्न पनि सामाजिक सञ्जालकै भरपर्ने मुख्य प्रशिक्षकको आरोप रहेको थियो। मुख्य प्रशिक्षकको आरोपलाई गम्भीरतापूर्वक लिएर नेपाल क्रिकेट संघ क्यानले खेलाडीहरूको सामाजिक सञ्जालको प्रयोग कुन बेला, कस्तो अवस्थामा तथा कतिबेर गर्न पाउनेजस्ता नियम बनाउनु जरुरी देखिएको छ। झन विश्वकपजस्तो महत्वपूर्ण प्रतियोगिता खेलिरहेको टिमका खेलाडीहरूलाई मुख्य प्रशिक्षकले लगाएको आरोपलाई सरल रुपमा लिन हुँदैन।

**विज्ञको सुझाव**

क्रिकेट खेलका अन्तरराष्ट्रिय कमेण्टेटर एण्ड्रु लियोनार्डले विगत केही वर्षदेखि नेपाली क्रिकेटलाई नजिकबाट नियालिरहेका छन्। नेपाली क्रिकेट टिमलाई अत्यन्त माया गर्ने व्यक्तिका रुपमा परिचय बनाएका एण्ड्रुले नेपालको ब्याटिङमा अझ बढी स्थिरता हुनुपर्ने सुझाव दिए। सामाजिक सञ्जालमा धारणा व्यक्त गर्दै उनले बलिङ समूहले पनि विकेट खोज्नु सट्टा दबाब सिर्जना गर्न योजनाहरूमा राम्रोसँग अडिग रहनु आवश्यक भएको स्पष्ट पारे। यस्ता सुझावलाई सकारात्मक रुपमा ग्रहण गरी टिमलाई आवश्यक सुधार गर्न क्यानले ढिलो गर्न हुँदैन।

तीनपटक विश्वकपमा प्रवेश पाउन सफल नेपाली राष्ट्रिय क्रिकेट टिमको आगामी दिनका लागि पनि क्षमता र सम्भावना राम्रो भएको आकलन गर्न सकिन्छ तर तेस्रोपटकको प्रतिस्पर्धामा लगातार हारले हतास बनाएको नेपाली टिमलाई अन्तिममा भएको एउटा जितले भए पनि उत्साहित बनेर घर फर्किने वातावरण बनाएको छ। यसपटकको नतिजाले क्यानसामु अझ धेरै चुनौती थपिएका छन्। यसपालिको प्रतियोगिताको क्रममा देखिएको गल्ती तथा कमजोरीलाई सुधार गर्न क्यानले ढिलो गर्नु हुँदैन। रणनीतिक सुधार र निरन्तर अभ्यासले नेपाली टिमलाई गतिशीलताको बाटोतर्फ अग्रसर गराउँदै लैजाने विश्वास गर्न सकिन्छ।

नेपाली राष्ट्रिय क्रिकेट टिमले मुम्बईमा हासिल गरेको नतिजालाई भोलिका दिनमा सुधार गर्नका लागि गम्भीर पाठका रुपमा लिएर यथोचित योजनाका साथ अघि बढेमा लज्जित हुनुपर्ने अवस्था पुनः नदोहोरिने कुरामा आशावादी हुन सकिन्छ। थाहाबाट

**कविता**

# हमर देश नयाँ नेपाल



**गिनिज सिंह**
कक्षा ८ (आठ)

तराई, पहाड, हिमाल स्वर्ग सनक नेपाल
भ्रष्टाचारीके हातमे पइरके भेलै बरबाद नेपाल।

सपना लक चलल युवा
नयाँ खोज कइरोके भिड
सडक प उठल अवाज
आक्रोश भरल सवाल॥

हमर देश हमर अधिकार
तइयो नै बुझइयै हमर इ बात
Gen–Z सब कहैय एकेटा बात
परिवर्तनसे बनत इ देश आब॥

भ्रष्टाचारीके जालमे फसल य हमर देश नेपाल
सपनासब भैलय कमजोर
युवा बनाउत अब देश 'स्वीजरल्याण्ड'
नै राखु आसा इ भ्रष्टाचार प आब॥

मरल हजारो युवा खोजैइत देशके परिवर्तन
अब अपना सब चुनावक दिन
बदलु अब मतदानके रङ्ग
आनु देशमे युवाके जे बनाउत नयाँ नेपाल॥

# रास्वपा संस्थापक सदस्य भुर्तेलले छोडिन् पार्टी

'राष्ट्रिय स्वतन्त्र पार्टीमा रहेर म नागरिकहरूसँग जवाफदेहिता हुन नसक्ने कारण यी सबै क्रियाकलापहरूको साक्षी बसेर म अब मौन रहिरहन असमर्थ छु।'



काठमाडौं, ६ फाल्गुन। राष्ट्रिय स्वतन्त्र पार्टीका संस्थापक सदस्य तथा नेता खेमकुमारी भुर्तेल ( उर्मिला)ले पार्टीको साधारण सदस्यबाट राजीनामा गरेकी छन्। पार्टीमा विधि र विधानविपरीतका क्रियाकलापले बढावा पाएको कुराको साक्षी बस्न नसक्ने भन्दै उनले राजीनामा गरेकी हुन्। भुर्तेलले बुधबार पार्टीबाट राजीनामा दिएको घोषणा सामाजिक संजालबाट गरेकी छन्। उनी २०७९ को प्रतिनिधिसभामा प्रत्यक्षतर्फ उम्मेदवार थिइन्।

'म रास्वपाको संस्थापक सदस्य २०७९ सालको प्रत्यक्ष महिला ११ जना उम्मेदवारमध्ये मधेश प्रदेशको एक्लो महिला उम्मेदवार आजसम्म आफ्नो योग्यता, क्षमता, दक्षता र समय समर्पित गर्दै पार्टीप्रति निस्वार्थ भावले निरन्तर योगदान पुर्‍याउँदै आएकी छु,' भुर्तेलले भनिन्, 'राजनीतिमा युवा पुस्ता आउनुपर्छ र जान्नेलाई छान्ने भन्ने मूल नाराले प्रेरित भई म यस पार्टीमा आबद्ध भएकी थिएँ। तर, पार्टी विधि, विधान विपरीत चाप्लुसीवाद र आर्थिकवादमा लिप्त भएर गएको, सक्षम महिला तथा युवाहरूलाइ नारामा मात्र सीमित राखेको। जिम्मेवारी ग्रहण गर्नुपर्ने ठाउँमा बेवास्ता गरिएको, पार्टीभित्र भ्रष्टाचार बढेको र आसन्न फागुन २१ गतेको निर्वाचन सम्बन्धित पार्टीले अवलम्बन गरेको पद्धति, पार्टीको निर्णय तथा कार्यशैली रास्वपाको स्थापनाकालीन मूल्य, पार्टी विधान र सार्वजनिक प्रतिबद्धताभन्दा ठिक विपरीत भएको अनुभव गरेकी छु।'

पार्टीमा रातदिन खटिएका क्षमतावान कार्यकर्ताहरूको योगदानको उचित मूल्यांकन नभएको भुर्तेलको भनाइ छ। 'संगठनमा दिनरात खटिएका क्षमतावान घण्टीमित्रहरूको योगदानको उचित मूल्यांकन नभएको, विधि र विधान विपरीत क्रियाकलापहरू भएको, पार्टीका सिद्धान्तहरू व्यवहारमा कार्यान्वयन नभएको र मूलतः आर्थिक अनियमितताबाट पार्टीका निर्णयहरू प्रेरित भएकोबाट मेरो आत्मसम्मान र राजनीतिक मुल्य माथि आँच आउने परिस्थिति बनेको छ,' भुर्तेलले भनेकी छन्, 'पार्टी संकटमा पर्दा पार्टी बनाउन मैले गरेका योगदानहरू पार्टी पंक्ति र आम नागरिकहरूलाई पनि जानकारी छ। राष्ट्रिय स्वतन्त्र पार्टीमा रहेर म नागरिकहरूसँग जवाफदेहिता हुन नसक्ने कारण

–बाँकी अन्तिम पेजमा


नेपाल सरकार
भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय, लहान (सिरहा)**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

उपरोक्त सम्बन्धमा जिल्ल सिराहा साविक कचनारी गा.वि.स. वडा नं. १ हाल वरियारपट्टी गा.पा. वडा नं. ५ बस्ने फौदी यादवको छोरा कञ्चन यादवको नाममा तपसिलको जग्गाको सर्वे नापनक्शा भई फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले निज कञ्चन यादवको २०३०।०१।१० गते का दिन मृत्यु भई सकेको र निजको एक मात्र पत्नी खटरी देवी यादवको पनि २०२७।१०।२० गते मा स्वर्गवास भई सकेको हुँदा निजहरुको शेषपछिको हक अंश खाने मृतकको एक मात्र छोरा गनु यादवले मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरी दिने भनि बरियारपट्टी गा.पा. वडानं. १ कार्यालयको च.नं. ७९३ मिति २०८२।०९।८ गतेको सिफारिश समेत मिसिलमा संलग्न गरी गनु यादवले यस कार्यालयमा छुट मि.नं. १३ दर्ता मिति २०८२।०९।१७ मा निवेदन दर्ता गराएको हुँदा उक्त जग्ग सम्बन्धमा यी निवेदक बाहेक अरु कोही हकदार, हक, भोग कुनै व्यक्ति विशेषलाई फरक भए वा यी निवेदकको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरी यिन निवेदकको नाममा ज.ध.दर्ता दिँदा कोी कसैको हक मटिने भए वा कोही कसैको जोतभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी सार्वजनिक ऐलानी प्रति वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनत्रि स–प्रमाण यस कार्यल्यमा हक दावी वा उजुर वाजुर गर्नु आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरि एको छ। म्याद भित्र हक दावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता दर्ता भई जानेछ। पछि कसैका उजुर वाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको महल |
|---|---|---|---|---|---|
| सिरहा | कचनारी | १ | २१२ | ०–२–३ | यो जग्ग नरगी १ को कञ्चन यादवको नम्बरी हो। |
| सिरहा | कचनारी | २ख | ३१४ | ०–०–१६ | यो जग्गा नर्गी बस्ने कन्चन यादवको नम्बरी हो। |

# रास्वपा मधेस प्रदेशकी संस्थापक सभापति शर्माले दिइन् राजीनामा

## आर्थिक अनियमितताबाट पार्टीका निर्णयहरू प्रेरित भएको आरोप

काठमाडौं, ६ फाल्गुन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को मधेस प्रदेशकी संस्थापक सभापति ममता शर्माले पार्टी छाडेकी छन्। हाल रास्वपाको महिला तथा सामाजिक विकास विभागकी सदस्य समेत रहेकी शर्माले बुधबार विज्ञप्ती जारी गरी पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएको जानकारी गराएकी हुन्। उनले आगामी फागुन २१ गते हुन लागेको चुनाव सम्बन्धमा पार्टीले अबलम्बन गरेको पद्धति, पार्टीको निर्णय तथा कार्यशैली रास्वपाको स्थापनाकालिन मूल्य, पार्टी विधान र सार्वजनिक प्रतिबद्धताभन्दा ठीक विपरित भएको भन्दै राजीनामा दिएकी हुन्। उनले मूलतः आर्थिक अनियमितताबाट पार्टीका निर्णय प्रेरित भएको आरोप पनि लगाएकी छन्। 'संगठनमा दिनरात खटिएका क्षेमतवान घण्टी मित्रहरूको योगदानको उचित मूल्यांकन नभएको, विधि र विधान विपरीत क्रियाकलापहरू भएको, पार्टीका सिद्धान्तहरू व्यवहारमा कार्यान्वयन नभएको र मुलतः आर्थिक अनियमितताबाट पार्टीका निर्णयहरु प्रेरित भएकोबाट मेरो आत्मसम्मान र राजनीतिक मुल्यहरु माथी आंच आउने परिस्थिति बनेको छ; यी सबै क्रियाकलापहरुको साक्षी बसेर म अब मौन रहिरहन असमर्थ छु,'



शर्माले विज्ञप्तीमा भनेकी छन्।

त्यसकारण आजकै मितिदेखि लागू हुने गरी आफूले रास्वपाको साधारण सदस्य समेत नरहने गरी राजीनामा पेस गरेको शर्माले जानकारी दिएकी छन्।

*निर्वाचन...*

मनोज बनैता यादवले पनि निर्वाचनको समयमा सञ्चारमाध्यमले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए। उनीहरूले पत्रकारले कुनै दल वा उम्मेदवारको पक्षपोषण नगरी तटस्थ र व्यावसायिक रूपमा समाचार सम्प्रेषण गर्नुपर्ने धारणा राखेका थिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष दिनेश्वर प्रसाद गुप्ता, गोरखापत्रका सिरहा संवाददाता जिवछ उदासी, शेख मिडिया हाउसका सञ्चालक फिरोज शेख लगायतले निर्वाचनमा पत्रकारले निर्वाह गर्नुपर्ने भूमिका, चुनौती र जिम्मेवारीका विषयमा आ- आफ्ना धारणा राखेका थिए। कार्यक्रमको उदघोषक नयाँ पत्रिका दैनिकका सिरहा संवाददाता मणिलाल विश्वकर्माले गरेका थिए।

कार्यक्रममा इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक कैलाश राई, जिल्ला ट्राफिक प्रहरी कार्यालय सिरहा, लहानका प्रमुख सालिकराम तिमिल्सिना, नेपाल पत्रकार महासंघ मधेश प्रदेशको वरिष्ठ उपाध्यक्ष अम्बिका दाहाल, लेखक तथा विश्लेषक राजेश विद्रोही, व्यवसायी तथा जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहानका निवर्तमान अध्यक्ष विकास सारडा, रेडियो नेपालका सिरहा सम्बाददाता संजय विश्वकर्मा, राससका सिरहा समाचारदाता मुकेश यादव, नेपाल टेलिभिजनका क्यामेरा म्यान अनुभक्त चौधरी, नेपाल बिबिसीका महेश सिंह लगायत ५० जना भन्दा बढी संचारकर्मीहरुको कार्यक्रममा सहभागिता रहेको थियो। कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले राससले विगत पाँच दशकभन्दा बढी लामो समयदेखि देशभर विश्वसनीय समाचार सेवा प्रदान गर्दै आएको उल्लेख गर्दै राससले समाचारको माध्यमबाट समुदायमा गरेको योगदानको प्रशंसा गरेका थिए। रासस लहान कार्यालयले विशेषगरी सिरहा लगायत मधेश प्रदेशका स्थानीय गतिविधि, सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रका समाचार नियमित रूपमा प्रवाह गर्दै आएको छ।

# जसपा नेपालका अध्यक्ष यादव घरदैलो अभियानमा व्यस्त



**देवराम यादव**

सप्तरी, ६ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरी क्षेत्र नम्बर ३ का उम्मेदवार एवं जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मंगलबार घरदैलो अभियानलाई निरन्तरता दिनुभएको छ। शम्भुनाथ नगरपालिकाका विभिन्न वडा तथा टोलमा मतदाताको घरदैलोमा पुगेर मत माग्ने कार्यलाई निरन्तरता दिनुभएको हो। पार्टीका केन्द्रीय सचिव एवं क्षेत्र निर्वाचन परिचालन समितिका संयोजक शैलेन्द्र प्रसाद साहका अनुसार शम्भुनाथ नगरपालिका अन्तर्गत नरहैया, सखुवा, नरही, सिरकजरी, खोक्सर, कनकपट्टी र कठौना बजारका मतदातासँग भेटेर मत मागिएको छ।

घरदैलोका क्रममा बाटोघाटो नबनेको, विद्यालय तथा अस्पतालमा गुणस्तरीय सेवा नभएको, बिटौरी जग्गाको समस्या, क्षेत्रको प्रमुख सडक कठौना-पातो सडक निर्माण नहुँदा सास्ती भ्झेल्नुपरेको, बेरोजगारी, सिँचाइ तथा मलखाद अभाव लगायतका समस्याहरू अधिकांश मतदाताले अध्यक्ष यादवसमक्ष राखेका छन्। यसअघिका जनप्रतिनिधिहरूले विकास तथा जनताको हकहितका सवालमा ध्यान नदिएको भन्दै सर्वसाधारणले गुनासो गरेका छन्। संविधान संशोधन गरी बाँकी अधिकार प्राप्तिका साथै विकास र समृद्धिका लागि आफू प्रयासरत रहने अध्यक्ष यादवले विश्वास व्यक्त गर्नुभयो।

जिल्लाकै पछाडि परेका क्षेत्रका रूपमा रहेको सप्तरी-३ मा धेरै काम गर्नुपर्ने अवस्था रहेको बताउँदै उहाँले भन्नुभयो, "एक सरकारकै नीति विभेदकारी छ। मधेशबाट ७० प्रतिशत राजस्व असुल्ने तर मधेशलाई ११ प्रतिशत मात्र बजेट विनियोजन गरिन्छ। मधेशका जिल्लाहरू अझै पछाडि छन्, माथि उठाउन पर्याप्त बजेट आवश्यक छ।" घरदैलोका क्रममा उम्मेदवार समेत रहेका अध्यक्ष यादवले पूर्व सांसदद्वय दानालाल चौधरी र जगदीश साहसँग भेटघाट गर्नुभएको छ। भेटघाटमा समसामयिक राजनीतिक अवस्था, जनताको हक-अधिकार तथा क्षेत्रको विकास निर्माण लगायतका विषयमा छलफल भएको थियो।

घरदैलो कार्यक्रममा केन्द्रीय नेता एवं पूर्वमन्त्री रेणु कुमारी यादव, केन्द्रीय सदस्य एवं मधेश प्रदेशसभाका पूर्व सदस्य बिदेश्वर प्रसाद यादव (बिक्की), केन्द्रीय सदस्यद्वय शैलेन्द्रमोहन झा र रमिला साह, समानुपातिक उम्मेदवार चुल्हाइ मण्डल, पार्टीका जिल्ला उपाध्यक्ष हरेराम यादव, निर्मला मण्डल, धनेश्वर यादव, बेचनी सरदार लगायतका नेताहरू सहभागी हुनुभएको थियो। सप्तरी क्षेत्र नम्बर ३ मा विष्णुपुर गाउँपालिका, रुपनी गाउँपालिका, राजगढ गाउँपालिका तथा डाक्नेश्वरी नगरपालिका गरी कुल १ लाख ११ हजार ८७१ मतदाता रहेका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

*रास्वपा संस्थापक...*

यी सबै क्रियाकलापहरूको साक्षी बसेर म अब मौन रहिरहन असमर्थ छु।'

बुधबारको मितिदेखि लागू हुने गरी रास्वपाको साधारण सदस्यसमेत नरहने गरी राजीनामा पेस गरेको भुर्तेलले घोषणा गरेकी छन्। उनी काठमाडौं ५ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार बन्ने आकांक्षा राखेकी थिइन्। उनले २०७९ को चुनावमा महोत्तरी ४ बाट रास्वपा उम्मेदवार थिइन्।

*कांग्रेसभित्र...*

उनले जेनजी आन्दोलनको भावना र चाहनालाई सम्बोधन गर्दै गगन थापालाई विशेष महाधिवेशनमार्फत सभापति बनाइएको बताए। यद्यपि मुख्यमन्त्री यादव विशेष महाधिवेशनको पक्षमा लागेका थिएनन्। संघमा कांग्रेसको सरकार नहुँदा मधेस प्रदेशमा सरकार भएर केही काम गर्न नसकिने उनले बताए।

**कविता**

## बाबा



**साल्नी गुप्ता**
कक्षा ६ 'ए'

सपना छन्, तिम्रा पनि, ती सबै मारेर
परिवारको ईच्छा सबै पूरा गरेर
खै कसरी सक्छौ, चिन्ता-दुःख सबै लुकाउछौं
घर आउँदा एक गिलास पानीले नै खूसी हुन्छौ॥

लाग्दैन डर कसैसँग, मेरो शिरमा जब तपाईंको आशिर्वाद हुन्छ
अघि बढ्दन यति हिम्मत हुन्छ, मेरो हातमा जब तपाईंको हात हुन्छ।
तपाईंको दुःख बोकेर हिड्ने छु
त्यो दिन म अति खुसी हुनेछु।

जब मिहिनेतले तपाईंको सपना पुरा गरेर म आउने छु
अनि तपाईंको मुख बाट मैले स्याबास पाउनेछु॥
हेरे छु, घाममा काम गर्दै बाबा
एक दिन चुकाउने छु, तपाईंको कर्ज बाबा॥

**कविता**

## देश बनाउ



**अभिशेक यादव**
कक्षा ९ (नौ)

आफ्नै प्यारो मातृभूमि महिमा यो गाउँछु,
सुतेका यी नेपालीलाई ब्युझाउँन आउँछु।
मनभरि देशप्रेम सधैँ भरी राखौं,
नेपालको गौरवलाई विश्वभरि चाखौँ॥

बौद्धिक यो पलायनले रित्तो भयो देश,
खोज्दै हिडे अवसर विदेसिका भेष।
बाँझो नराखौँ नअब यो आफ्नो जन्मथलो,
पसिनाले सिचौँ अब, सबैको हुन्छ भलो॥

उठ युवा, जाग युवा, काँधमा छ, यो जिम्मेवारी,
पौरखीले सजाउनु छ, आफ्नै देशको फूलबारी।
विदेशीको आशा मारौँ, आफ्नै पौरखी जगाऔँ,
देश निर्माणमा पाइला अगाडि बढाऔँ॥

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)